बाह्रदशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चकचकी, झापा

कोशी प्रदेश, नेपाल

नेपाल सम्वत् ११४६

# सेवा करारमा शिक्षक पदपूर्ती गर्ने सम्बन्धी सूचना

सूचना नं.:- १४/०८२-०८३, मिति २०८३/०३/२६

बाह्रदशी गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुमा रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्धारा शिक्षक सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:-

| क्र.सं. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | विषय | तह/श्रेणी | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | २१/२०८२-८३ | खुला | शिक्षक | विज्ञान तथा प्रविधि | माध्यमिक/ तृतीय | १ (एक) | १२००।०० |
| २. | २२/२०८२-८३ | खुला | शिक्षक | गणित | माध्यमिक/ तृतीय | १ (एक) | १२००।०० |
| ३. | २३/२०८२-८३ | खुला | शिक्षक | अर्थशास्त्र | माध्यमिक/ तृतीय | २ (दुई) | १२००।०० |
| ४ | २४/२०८२-८३ | खुला | शिक्षक | कार्यालय सञ्चालन तथा लेखा | माध्यमिक/ तृतीय | १ ( एक) | १२००।०० |
| ५ | २५/२०८२-८३ | खुला | शिक्षक | अंग्रेजी | निम्न माध्यमिक/तृतीय | १ ( एक) | ५००।०० |
| ६ | २६/२०८२-८३ | खुला | शिक्षक | विज्ञान तथा प्रविधि | निम्न माध्यमिक/तृतीय | ३ (तीन) | ५००।०० |

क. **परीक्षा किसिम:-** लिखित (सामान्य र विषयगत) र अन्तर्वार्ता

ख. **परीक्षा मिति:-** अर्को सूचनाद्धारा तय गरिनेछ।

ग. **परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयले तोकेको स्थान।

घ. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ।

राजस्व खाताको विवरण

कार्यालय कोड:८०११२५०५००१
राजस्व शिर्षक: १४२२४
राजस्व शिर्षकको नाम:परीक्षा शुल्क
बैकं खाता नं:०८३००८७०५००००११३
खाताको नाम:आन्तरिक राजस्व खाता
खाता रहेको बैंक: माछापुच्छ्रे बैंक

०८३।०३।२६

गजेन्द्र बगलिया
प्रमुख प्रशासकीय अधिकृत

ङ. **दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

च. **दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०४।०८ गते कार्यालय समय भित्र।

छ. **उम्मेद्वारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

ज. **तलब/पारिश्रमिक:-** गाउँ कार्यपालिकाको नियामानुसार हुनेछ।

झ. **आवश्यक न्यूनतम योग्यता**

१. **माध्यमिक तहको शिक्षक पदको लागि**

क. नेपाली नागरिक।

ख. शिक्षक सेवा आयोगको नियामावकी ( संशोधनसहित), २०५७ को नियम १९ बमोजिम अयोग्य नभएको।

ग. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह परीक्षामा ( कम्तिमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको। तर विज्ञान र कार्यालय सञ्चालन तथा लेखा विषयको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन सक्नेछन्।

घ. माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको

ङ. अध्यापन अनुमति सम्बनधी थप व्यवस्था

अ) प्रकरण ( ग) बमोजिम योग्याता हाँसिल गरी सामाजिक विषयको अध्यापन अनुमति  पत्र प्राप्त गरेको व्यक्तिहरु अर्थशास्त्र विषयको परीक्षामा उम्मेदवार हुन सक्नेछन्,

आ) विषयगत स्थायी अध्यापन  अनुमतिपत्र प्राप्त गरेका व्यक्ति सम्बन्धित विषयमा मात्र उम्मेदवार हुन सक्नेछन्।

२. **निम्न माध्यमिक तहको शिक्षक पदको लागि**

च. नेपाली नागरिक।

छ. शिक्षक सेवा आयोगको नियामावकी ( संशोधनसहित), २०५७ को नियम १९ बमोजिम अयोग्य नभएको।

ज. मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा ( कक्षा- १२)  वा सो सरह परीक्षामा ( कम्तिमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको। तर कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षासम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा शिक्षा शास्त्र संकायमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

झ. निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

ञ. **दरखास्त फाराम पाइने स्थान:-** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेवसाईट www. bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

ट. **दरखास्त फाराम बुझाउने स्थान:** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ।

ठ. **दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु ।

ड. **विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८४९८९८४१२

**द्रष्टव्य**

(क) कार्यालयद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

गजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: शिक्षक सेवा आयोग बमोजिम हुनेछ।

(ङ) सामान्य परीक्षामा उत्तीर्ण उम्मेदवारलाई मात्र विषयगत परीक्षामा समावेश गरिनेछ।

०८१/०३/२६

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत